# ECHO OF HIS CALL

# बोलावटको प्रतिध्वनि

NEPALI

ECHO OF HIS CALL 1969-2019 GOLDEN JUBILEE

REACHING NATIONS


India's National Spiritual Newspaper

₹ 10/-

Published monthly in ENGLISH, TAMIL, MALAYALAM, TELUGU, HINDI, KANNADA, MARATHI, BENGALI, GUJARATI, ODIYA, ASSAMESE, PUNJABI, NEPALI, URDU, SINHALA & AFRIKAN

Editor : S. SAM SELVA RAJ | 16 Languages | Associate Editors : Bro. BHUVAN DEVKODA, Bro. RAJ KUMAR BHANDARI

Vol. XXIV | YEAR OF OUR LORD JESUS CHRIST, 2024 DECEMBER | No. 12

## पवित्र बाइबल

**कृपया यो खण्ड कण्ठ गर्नुहोस् ।**

**लूका १:२८-३५**

२८. स्वर्गदूतले तिनीकहाँ गएर भने, हे कृपा-पात्र, तिमीलाई अभिवादन । परमप्रभु तिमीसँग हुनुहुन्छ ।

२९. तर तिनी त्यस कुराले साह्रै विचलित भइन् र यो कस्तो किसिमको अभिवादन हो भनी मनमा सोच्न लागिन् ।

३०. स्वर्गदूतले तिनलाई भने, नडराऊ, मरियम किनभने तिमीले परमेश्वरबाट कृपा पाएकी छ्यौ ।

३१. अब हेर, तिमीले गर्भधारण गर्नेछ्यौ र एउटा छोरो जन्माउनेछ्यौ र तिमीले उहाँको नाउँ येशू राख्नेछ्यौ ।

३२. उहाँ महान् हुनुहुनेछ र परमप्रधानका पुत्र कहलाइनुहुनेछ र परमप्रभु परमेश्वरले उहाँलाई उहाँका पुर्खा दाऊदको सिंहासन दिनुहुनेछ ।

३३. उहाँले याकूबको वंशमाथि सदासर्वदै राज्य गर्नुहुनेछ र उहाँको राज्यको अन्त्य हुनेछैन ।

३४. मरियमले स्वर्गदूतलाई भनिन्, यो कसरी हुन सक्छ किनकि म एक कन्या हुँ ।

३५. स्वर्गदूतले तिनलाई जवाफ दिएर भने, पवित्र आत्मा तिमीमा आउनुहुनेछ र सर्वोच्चका शक्तिको छाया तिमीमाथि पर्नेछ । यसैकारण जो जन्मनुहुनेछ, उहाँ पवित्र अर्थात् परमेश्वरका पुत्र कहलाइनुहुनेछ ।

# खीष्टमा परमेश्वरको शान्ति

THE PEACE OF GOD IN CHRIST!

Embracing the True Spirit of Christmas!

## खीष्टमसको सांचो आत्मालाई अङ्गाल्ने



**सम्माननीय प्रधानसम्पादक, रेभ. एन्जलीन सेल्भाकुमारी**



जसै छुट्टीको मौसम आउँछ, संसार पर्वका राम्रा प्रदर्शन, चम्किलो बत्तीहरू र आनन्दमयी क्यारोलले भरिन्छ । तापनि, यी अवसरहरूका बीचमा शान्ति, चङ्गाइ र आशाको निम्ति व्यग्र चाहना मानिसको हृदयमा रहिरहेको हुन्छ । खीष्टमस-येशू खीष्टको जन्मको अवसरले-शान्तिको रूपान्तरण गर्ने सन्देश प्रद्यान गर्छ, जुन परम्परागत चाडहरूभन्दा माथि रहेको छ । खीष्टद्वारा हामीले आनन्दको मौसम मात्रै पाएका छैनौं तर गहन दीर्घकालीन शान्ति पाएका छौं, जसले पाप, शर्म र पतन भएको संसारका चिन्ताहरूबाट चङ्गाइ र छुटकारा ल्याएको छ ।

### खीष्टको जन्ममा शान्तिको सन्देश

मत्ती र लूकाको सुमाचारमा दिइएको खीष्टमसको कथाले मानव जातिको निम्ति आशाको नयाँ सुरुवातको घोषणा गर्दछ । स्वर्गदूतले गोठालोहरूलाई घोषणा गरेका थिए, **सर्वोच्चमा परमेश्वरलाई महिमा र पृथ्वीमा जुन मानिसहरूसँग उहाँ प्रसन्न हुनुहुन्छ, तिनीहरूलाई शान्ति** (लूका २:१४) । यो घोषणामा खीष्टको जन्मको आनन्दसँग शान्ति अविभाज्य रूपमा

बाँकी पृष्ठ ३ मा


बोलावटको प्रतिध्वनि- यूट्यूब च्यानल



यूट्यूब खीष्टियान च्यानल

तपाईंले पा. एस. साम सेल्भाराजसँग प्रार्थना गर्ने अवसर पाउनुहुनेछ ।

५ मिनेटको सन्देश

अंग्रेजी र हिन्दी, तामिल र तेलगू

हरेक दिन: बिहान २ बजे देखि

तामिल आइतवार सेवा: बिहान ८:३० बजे

* Please Subscribe and Share *

बोलावटको प्रतिध्वनि सन् १९६९-२०१९ स्वर्णजयन्ती वर्ष



# तपाईंको प्रिय भाइबाट....

REACHING NATIONS



**हाम्रो मिसन नीति**

हामीले प्राचीन र प्रेरित पावलको समयको सम्झौता नगरिएको शिक्षा आधुनिक पुस्तालाई व्याख्या गर्नुपर्ने र शिक्षा दिनुपर्छ । यो आवश्यकताको घडी हो ।


HON. EDITOR-IN-CHIEF
Rev. Angeline S. Kumari, M.A., M.Sc., M.Ed.
HON. MANAGING EDITOR
Pastor Alex Samson Sam, B.Th., M.Div.
GENERAL MANAGER
Bro. N. Prakasam, M.A., M.Sc.(C&P), PGDHRM., MBA.
ADMINISTRATION
Sis. Jesy Veena Sam
Adv. K. Puratchivendan, M.Com., C.A., B.L.
Dr. P.E.R. Premchand, M.Sc., M.A., M.Ed., Ph.D.
Dr. C.G.S. Baburao, B.Tech., M.Tech. (DM), Ph.D.
Dr. Rabinder Boaz, M.S. (CMC)
EDITORIAL BOARD
Dr. Serena Bevin, M.A., M.Phil., B.Ed.
Sis. Sajini Cherian
Rev. Dr. K.R. Rajasekaran
Rev. Dr. William Robert, Ph.D., DD, D.Lit.



EDITOR, PUBLISHER & PRINTER
Pastor S. SAM SELVA RAJ
Echo of His Call Printers



10, Mohammed Abdullah 2nd Street,
Chepauk, Chennai- 600 005, India.
Phone : (+ 91- 44) 2852 8282, 2852 9293, 2854 7766
Cell : (+91) 98410 71852, 98412 71858 95661 31858
E.MAIL
sam@echoofhiscall.org
biblecor@yahoo.co.in
WEBSITES
www.echoofhiscall.org
www.stpaulsmatriculation.com
YOUTUBE CHANNEL
Echo of His Call


**परमप्रभुलाई पुकार गर्नेहरु सबैका नजिक उहाँ हुनुहुन्छ, जसले उहाँलाई सत्यतामा पुकार्दछन् (भजनसंग्रह १४५:१८) ।**

खीष्ट येशूमा प्रियहरू,

सबै नाउँहरूभन्दा महान्, हाम्रो प्रभु र मुक्तिदाता येशू खीष्टको अचम्मको नाउँमा तपाईं सबैलाई अभिवादन गर्न पाउनु हाम्रो सौभाग्य हो ।

हो, परमेश्वर येशू खीष्टको अनुग्रहद्वारा हामी सुरक्षित छौं । परमप्रभुले आफ्नो शक्तिद्वारा हाम्रा सहकर्मीहरूलाई छुनु भयो र उहाँहरूलाई विभिन्न प्रकारका रोगहरू र मानसिक तनावहरूबाट निको पार्नु भयो ।



*Special camp for ladies at Main Church*

परमेश्वरको अनुग्रहद्वारा हामीले १९ अक्टोबर २०२४ मा दिदीबहिनीहरूका निम्ति विशेष शिविर संचालन गरेका थियौं । हाम्रो प्रधान सम्पादक बहिनी एन्जलीन सेल्भाकुमारीले परमेश्वरको वचन प्रचार गर्नुभएको



*JOSHUA WARRIORS Men's Camp at Mahabalipuram*

थियो । शिविरमा सहभागी हुनुभएका दिदीबहिनीहरूले आफ्नो व्यक्तिगत जीवन र पारिवारिक जीवनमा परमेश्वरको चङ्गाइको छुवाइमा आनन्दित गर्नुभएको थियो ।

त्यस्तै गरी, हामीले चेन्नाइबाट करिब १५० किलोमिटर टाढा भएको महाबलीपुरको नजिकै भएको क्याम्प साइटमा यहोशू योद्धा नामको अधीनमा पुरुषहरूका निम्ति विशेष एकदिने शिविर संचालन गरेका थियौं । हामीले आफ्ना मिनिबसहरूका साथै एउटा बस भाडामा ल्याएका थियौं । यो शिविरमा ७० जना पुरुषहरू

Our Ministries: ECHO OF HIS CALL Monthly Magazines (16 languages) ☼ BIBLECOR - Postal Courses (3 languages) ☼ YouTube Ministry ☼ Online Courses ☼ Theological Correspondence Courses (2 languages) ☼ Church Planting ☼ Nehemiah Bible Colleges ☼ Gospel Printing Press ☼ Great Commission Partners ☼ St. Paul's Matriculation School ☼ Crusades ☼ Community Development

सहभागी भएका थिए । विशेष प्रचारकहरूले प्रचार गरे । खेल्ने समय, प्रार्थनाको समय, आशिष् बाँड्ने समय र समर्पणको समय पनि समावेश गरिएका थिए । केही विश्वासबाट फर्किएका पुरुषहरू पनि आँसुको साथमा अघि आउनुभयो र आफ्नो जीवन येशू ख्रीष्टमा समर्पित गर्नुभयो । उहाँहरूले तुरुन्तै सेवकाइ र मण्डलीमा सहभागी हुनुहुनेछ । हामीले बिहानको खाजा, खाना, खाजा र चियाको साथै हरेक जनाको निम्ति नि:शुल्क टि-सर्ट प्रदान गरेका थियौं । कृपया उहाँहरूको निम्ति प्रार्थना गरिदिनुहोस् ।

हाम्रो जीवित र प्रेमिलो मुक्तिदाता येशू ख्रीष्टको जन्मको आधारमा यो महिनामा तपाईंजस्तै, हामी सबै जना सुसमाचारीय कार्यक्रमहरू व्यवस्थापना गर्न व्यस्त भएका छौं । हाम्रा उपहार, खानेकुरा, लुगा, मण्डलीका कार्यक्रमहरू, आउटरीच कार्यक्रमहरू, आदिबाट सुसमाचार नपुगेका समुदायहरूमा पुग्ने यो राम्रो अवसर हो । हाम्रा सहकर्मीहरूको असल स्वास्थ्यको निम्ति कृपया प्रार्थना गरिदिनुहोला ।

आफ्नो प्रार्थना र सहायताबाट विगतको वर्ष २०२४ को समयमा हामीलाई उचाल्नुहुने हाम्रा प्रिय दाजुभाइ र दिदीबहिनीप्रति हामी अत्यन्तै धन्यवादी छौं । अत्यन्तै कठिनाइको समयमा पनि परमप्रभुले हामीमा भय आउन अनुमति दिनुभएन भनेर हामी गवाही दिन सक्छौं किनकि उहाँ सारा समय हामीसँगै यात्रा गर्नुभयो । उहाँको लठ्ठी र लहुरोले हामीलाई बलियो बनाएको र सान्त्वना दिएको थियो । **...तपाईंको लठ्ठी र तपाईंको लहुरोले मलाई सान्त्वना दिन्छन्** (भजनसंग्रह २३:४) । नयाँ वर्ष उहाँका सन्तानको निम्ति आशिष् हुनेछ भनेर हामीले आशा गरेका छौं ।

हामी तपाईंलाई आफ्ना शब्दले भन्दा पनि धेरै प्रेम गर्छौं र तपाईं र तपाईंका प्रियजनहरूका निम्ति प्रार्थना गर्छौं ।

**परमप्रभुले तिमीहरूलाई आशिष् देऊन् र तिमीहरूलाई रक्षा गरून् । परमप्रभुले आफ्नो मुख तिमीहरूमाथि चम्काऊन् र तिमीहरूलाई अनुग्रह गरून् । परमप्रभुले आफ्नो चेहरा तिमीहरूमाथि प्रकाश गरून् र तिमीहरूलाई शान्ति देऊन्** (गन्ती ६:२४-२६) ।

बडा दिन ख्रीष्टमस र नयाँ वर्ष २०२५ को हार्दिक शुभकामना

*येशू ख्रीष्टमा तपाईंका सेवकहरू*

*पा. एलेक्स सामसन साम*
*पा. एस. साम सेल्भाराज*

(+91) 98412 71858 / 98410 71858,
E.mail : sam@echoofhiscall.org

---

## विनम्र अनुरोध: बोलावटको प्रतिध्वनिका पाठकहरूलाई

हाम्रो ५ मिनेट बोलावटको प्रतिध्वनि यूट्यूब सन्देशहरू (हरेक दिन) तामिल, तेलगु, अंग्रेजी र हिन्दी भाषामा बिहान २ बजेदेखि प्रशारण भइरहेका छन् । सन्देशहरू हेरेर तपाईंले परमेश्वरको अनुग्रह प्राप्त गर्न सक्नुहुन्छ ।

साथै, तपाईंको मोवाइल फोनहरूमा मेरो मोवाइल नम्बरहरू (९१) ९८४१० ७१८५८, (९१) ९८४१२ ७१८५८ (व्यक्तिगत) सेभ गर्नुहोस् ।

**पा. एस. साम सेल्भाराज**

---

*पृष्ठ १ बाट*

जोडिएको छ- महान् प्रभावमा एउटा झलक, उहाँले मानिस जातिलाई परमेश्वरसँग मिलापमा ल्याउनुहुनेछ ।

यशैयाको अगमवाणीले यो सन्देशलाई सुन्दरतापूर्वक देखाएको छ: **किनभने हाम्रा निम्ति एक जना बालकको जन्म भएको छ । हाम्रा निम्ति एक जना छोरो दिइएको छ । शासन उहाँको काँधमा हुनेछ । उहाँ अचम्मका सल्लाहकार, शक्तिशाली परमेश्वर, अनन्तका पिता, शान्तिका राजकुमार कहलाइनुहुनेछ** ( यशैया ९:६) । **शान्तिका राजकुमार** भन्ने पदले पाप र संघर्षले घेरिएको संसारमा शान्ति ल्याउने येशूको मिसनलाई देखाउँछ ।

### हाम्रो शरणको रूपमा परमेश्वरको शान्ति

जीवनको समस्याग्रस्त क्षणहरूमा शान्तिका परमेश्वर हाम्रा आत्माको निम्ति शरण बन्नुहुन्छ । प्रेरित पावल फिलिप्पी ४:६-७ मा यसरी लेख्छन्, **कुनै कुरामा चिन्तित नहोओ तर हरेक कुरामा प्रार्थना र निवेदनद्वारा धन्यवादसहित तिमीहरूका बिन्ती परमेश्वरमा जाहेर होऊन् र समझले नै भियाउन नसकिने परमेश्वरको शान्तिले तिमीहरूका हृदय र तिमीहरूका मनलाई येशूमा रक्षा गर्नेछ ।** यो शान्ति रूपान्तरण गर्ने, सुरक्षा प्रदान गर्ने र जीवनको आँधीबेहरीको बीचमा शान्त हुन्छ । यो शान्ति रूपान्तरण गर्ने, सुरक्षा प्रदान गर्ने र जीवनको आँधीको बीचमा शान्त हुन्छ । येशू ख्रीष्टद्वारा हामीलाई परमेश्वरको सम्बन्धमा रहन निम्तो गरिएको छ, जसले हामीलाई उहाँको निरन्तरको उपस्थिति र वास्ताको सुनिश्चयता गर्दछ । चाहे चाडपर्वको समय होस् वा व्यक्तिगत शोकको समय, हामी एक्लो छैनौं भनेर हामीलाई सम्झना दिलाउँदै उहाँको शान्तिले हामीलाई ढाक्दछ ।

### पाप र शर्मबाट स्वतन्त्रता

ख्रीष्टमसको सबैभन्दा शक्तिशाली सन्देशहरूमध्ये एकचाहिँ येशूबाट पाप र शर्मबाट छुटकारा प्रदान गर्नु हो । पाप र दोषबाट मानिसको चूर्णता देखिन्छ, जुन प्राय: अपर्याप्तता र शर्मको अनुभवमा परिणाममा आउँछ । येशूले जन्मले छुटकारामा लक्षित ईश्वरीय हस्तक्षेपलाई देखाउँछ । जसै स्वर्गदूतले मरियमलाई निश्चयता दिलाए, **परमेश्वरको निम्ति केही कुरा पनि असम्भव छैन** (लूका १:३७) । मसीहको आगमन स्पष्ट रूपमा आश्चर्यकर्मको क्षण थिएन तर परमेश्वर र मानिस जातिको बीचमा नयाँ करारको सुरुवात थियो । येशू हामी सबैलाई हाम्रा पापबाट बचाउन आउनुभयो किनकि मत्ती १:२१ ले घोषणा गर्दछ: **तिनले एउटा पुत्र जन्माउनेछिन् र तिमीले उहाँको नाउँ येशू राख्नेछौ किनभने उहाँले आफ्ना मानिसहरूलाई तिनीहरूका पापबाट बचाउनुहुनेछ ।**

पावलले यही सन्देशलाई जोड दिन्छन्, जसले रोमी ८:१ मा प्रभावकारी रूपमा बताउँछ कि **...यसकारण अब ख्रीष्ट येशूमा भएकाहरूलाई दण्डको आज्ञा छैन ।** यो घोषणामा आशा र

स्वतन्त्रता रहेको छ । येशूले क्रूसमा हाम्रा पाप र शर्म बोक्नुभयो, उहाँले क्षमा मात्रै प्रदान गर्नुभएन तर उहाँले हामीलाई परमेश्वरका प्रिय सन्तानको रूपमा नयाँ पहिचान पनि दिनुभएको छ ।

## क्षमाको शक्ति

खीष्टद्वारा हामीले प्राप्त गरेको क्षमा परमेश्वरको शान्तिसँग बलियो गरी जोडिएको हुन्छ । यो क्षमाले पाप र शर्मको बन्धनलाई तोड्छ, हामीलाई नयाँ गरी पाइएको स्वतन्त्रतामा हिँड्न अनुमति दिन्छ। पावलले कलस्सी १:१२-१४ मा लेख्छन्, **उहाँले हामीलाई अन्धकारको राज्यदेखि छुटाउनुभयो र आफ्ना प्रिय पुत्रको राज्यभित्र हामीलाई सार्नुभएको छ। उहाँमा हाम्रो उद्धार अर्थात् पापको क्षमा छ ।** यो सत्यतालाई अंगाल्नाले हामीलाई विगतका बोझबाट स्वतन्त्र बनाउँछ, दोषको बोझलाई हटाउँछ र हामीलाई वर्तमानमा पूर्णरूपमा जिउन सुसज्जित गर्छ। त्यसकारण, खीष्टमस त्यो स्वतन्त्रताको उत्सव बनेको छ- हाम्रा विगतको गल्तीहरूबाट परिभाषित होइन तर आत्मविश्वासको साथमा परमेश्वरकहाँ जाने स्वतन्त्रता ।

## तोडिएको संसारमा आशा

चाडको बत्तीहरू र आनन्दमय भेलाहरूका बीचमा धेरै जना चूर्णता, निरासा र चिन्तासँगै चूपचाप रहन्छन्। दैनिक जीवनको परीक्षाहरू- धब्बा लागेका सम्बन्धहरू, हिंसाले प्रभावित भएका समुदायहरू र नोक्सानीको गरुंगो शोकले अवसरको आनन्दलाई छोप्न सक्छ । यस्तो संसारमा खीष्टको जन्मले आशाको स्थिर चमक प्रदान गर्दछ ।

येशूको आगमनले मानिस जातिप्रति परमेश्वरको अपरिवर्तनशील समर्पणतालाई इङ्गीत गर्दछ। जसरी संसारको ज्योति उहाँ अन्धकारको विरुद्धमा चम्कनुहुन्छ, यूहन्ना ८:१२ ले निश्चयता दिन्छ, **येशूले फेरि तिनीहरूलाई भन्नुभयो, म संसारको ज्योति हुँ । मलाई पछ्याउने अन्धकारमा हिँड्डुल गर्नेछैन तर त्यसले जीवनको ज्योति पाउनेछ।** जब जीवनले निरास भएको महसुस गर्दा पनि यो ज्योतिले आशा ल्याउँछ ।

हाम्रो आशा खीष्टमा भएको हाम्रो आशामा गाडिएको छ भनेर प्रेरित पावलले हामीलाई सम्झना दिलाउँछन्- आशा, जसले दुवै वर्तमान र भविष्यलाई छुन्छ । रोमी १५:१३ मा तिनले प्रार्थना गर्छन्, **आशाका परमेश्वरले तिमीहरूलाई विश्वासद्वारा सम्पूर्ण आनन्द र शान्तिले भरिपूर्ण गरिदेऊन्, यस हेतुले कि पवित्र आत्माको शक्तिले तिमीहरू आशामा प्रशस्त हुन सक ।** जस्र हामी यो खीष्टले ल्याउनुहुने आशामा मनन गर्छौं, कष्टमा परेकाहरूलाई निश्चयता दिँदै अरूलाई यही आशा बाँड्न हामीलाई बोलाइएको छ, जुन आनन्द खीष्टमा पाइन सक्छ ।

## आशाहीनको निम्ति आशा

आशाहीनताको बोझले लादिएकाहरूलाई खीष्टमसको सन्देशले आफ्ना हात फैलाउँछ । धेरै मानिसले आफू हराएको वा निरास भएको, जीवनका कठिनाइले थिचिएको महसुस गर्छन् । तापनि अगमवक्ता यर्मियाले यो कुरालाई पुन: सम्झना दिलाउँछन्: **किनभने जुन योजनाहरू मैले तिमीहरूका निम्ति बनाएको छु, ती म जान्दछु, परमप्रभु भन्नुहुन्छ। ती तिमीहरूका उन्नतिको निम्ति हुन् नोक्सानीको निम्ति होइनन्, तिमीहरूलाई आशा र भविष्य दिनलाई** (यर्मिया २९:११) ।

येशूले यही आशा प्रतिनिधित्व गर्नुहुन्छ। हाम्रो परिस्थितिहरूले हाम्रो मोल र योग्यतालाई परिभाषित गर्दैन भनेर हामीलाई निश्चयता दिलाउँदै उहाँको जीवन र शिक्षाले सान्त्वना र उद्देश्य प्रदान गर्दछ। संसारले अर्थको निम्ति चाहना गरिरहँदा खीष्टमसको सन्देशले हामीलाई येशूमा भरोसा गर्न आग्रह गर्दछ, जसले जीवनको अन्धकारमय क्षणमा पनि आशा प्रदान गर्दछ ।

## समस्याग्रस्त संसारमा शान्तिको राजकुमारको रूपमा येशू

हाम्रो संसारले असंख्य चुनौतीहरू सामना गर्दछ- द्वन्द्व, गरिबी, अन्याय र विभाजन । जसै हामी खीष्टको जन्म मनाउँछौं, उहाँ यी संघर्षको केन्द्रलाई सम्बोधन गर्न आउनुभयो भनेर हामीलाई यसले सम्झना दिलाउँछ । येशूमा केवल शान्ति मात्रै छैन, उहाँ त्यसको केन्द्र हुनुहुन्छ, हाम्रो आफ्नो जीवनमा हामीलाई मेलमेलाप गराउने हुन बोलाउनुहुन्छ । मत्ती ५:९ ले बताउँछ, **धन्य**

....Contd. to page 6

NEHEMIAH RESIDENTIAL BIBLE COLLEGE Velachery Chennai.
ECHO OF HIS CALL 1968-2018 GOLDEN JUBILEE REACHING NATIONS
Sponsorship Available
Rush for Admission!
Diploma in Theology
Medium : Hindi (Residential)
Qualification : 10th Standard & above
Recognised by International Christian Leaders & Senior Pastors for the past 55 years
Contact : The Chairman, Nehemiah Bible College.
10, MOHAMMED ABDULLAH 2ND STREET, CHEPAUK, CHENNAI - 600 005, INDIA.
Phone : (+91-44) 2852 8282, Cell : (+91) 98410 71852 / 95661 31858
E.mail : sam@echoofhiscall.org / Website : www.echoofhiscall.org
✶ ONLINE CLASSES ARE AVAILABLE ✶

GREAT COMMISSION PARTNERS
ECHO OF HIS CALL MINISTRIES
SINCE 1969

# महान् आज्ञा सहयोगीहरु

बाँड्न (गलाती ६:२), सहायता (रोमी १२:१३ र गति बढाउन (२ तिमोथी १:६)

PRAISE & PRAYER POINTS - From December 19, 2024 To January 18, 2025

(कृपया यो पृष्ठ निकालेर आफ्नो बाइबलमा राख्नुहोस् र निरन्तर प्रार्थना गर्नुहोस्)



## परमेश्वरलाई प्रशंसा गरौं...

डिसेम्वर १९: हाम्रा सम्पूर्ण सहसम्पादकहरू र उहाँका परिवारहरूका निम्ति ।

डिसेम्वर २०: हाम्रो सुसमाचारीय छापाखानाको निरन्तर संचालन र यसका प्रभावकारी कर्मचारीहरूका निम्ति ।

डिसेम्वर २१: हाम्रो सिनियर पास्टर र उहाँको परिवारमाथि ईश्वरीय सुरक्षा, उहाँहरूलाई सबै प्रकारका दुष्ट शक्तिबाट सुरक्षा दिनुभएको निम्ति ।

डिसेम्वर २२: हाम्रा मिसन कर्मचरीहरूको स्थिर समर्पणताको निम्ति ।

डिसेमवर २३: हाम्रो प्रार्थनाका साझेदार, ग्राहकवर्ग, विश्वासका साझेदार, जीवनका साझेदार र महान् आज्ञाका साझेदार र उहाँका परिवारहरूमाथि खन्याउनुभएको परमेश्वरको कृपा र अनुग्रहको निम्ति ।

डिसेम्वर २४: हाम्रो सेवकाइका कर्मचारीका परिवारमाथि परमेश्वरको प्रशस्त आशिष्को निम्ति ।

डिसेम्वर २५: संसारका मुक्तिदाता येशू ख्रीष्टको जन्मको निम्ति, जो हामी सबैलाई छुटकारा दिन आउनुभयो ।

डिसेम्वर २६: यो वर्ष हाम्रा सम्पूर्ण ख्रीष्टमस कार्यक्रममा आशिष् दिनुभएको निम्ति ।

डिसेम्वर २७: आवश्यकतामा परेकारहरूलाई सहायता गर्नमा **सेन्ट पावलस् मेट्रिकुलेसन स्कुल, नहेम्याह बाइबल कलेज र हाम्रो ईश्वरशास्त्रीय पत्राचार कोर्सका** प्रभावकारी कामको निम्ति ।

डिसेम्वर २८: सन् २०२३ र २०२५ भरि **बोलावटको प्रतिध्वनि सेवकाइहरूका** विशेष बैठकहरू र सेमिनारहरूमा उहाँको आशिष्को निम्ति ।

डिसेम्वर २९: यो वर्षभरि ईश्वरीय सुरक्षाको साथमा परमेश्वरका सेवकहरूलाई आशिष्को निम्ति ।

डिसेम्वर ३०: यो वर्षभरि ख्रीटियान संस्थाहरूको राम्रो र फलदायी संचालनको निम्ति ।

डिसेम्वर ३१: सन् २०२४ मा हाम्रा सबै आवश्यकता अचम्म प्रकारले पूरा गर्नुभएको निम्ति ।

जनवरी १: नयाँ वर्ष २०२५ मा हामीलाई अगुवाइ गर्दै रहनुभएको, सम्पूर्ण पाठक र संसारभरि रहेका मानिसहरूमा उहाँको अगुवाइ र आशिष्को निम्ति ।

जनवरी २: सम्पूर्ण मण्डलीहरू र विश्वासीहरूमा आशा र आशिष् ल्याउने सन् २०२५ को लागि नयाँ प्रतिज्ञाको निम्ति ।

जनवरी ३: सन् २०२४ मा सम्पूर्ण ख्रीष्टियान संस्थाहरू र मण्डलीहरूमाथि निरन्तर आशिष्को निम्ति ।

## कृपया प्रार्थना गरौं...

जनवरी ४: संसारभरि शान्ति र मानवताको वृद्धिको निम्ति

जनवरी ५: संसारभरि भएका मानिसहरूको स्वास्थ्य र नयाँ रोगबाट सुरक्षाको निम्ति ।

जनवरी ६: दुष्ट शक्तिविरुद्ध सम्पूर्ण मण्डलीहरूमाथि ईश्वरीय सुरक्षाको निम्ति ।

जनवरी ७: संसारका नेताहरू ईश्वरीय बुद्धिबाट डोऱ्याइएका होऊन्, जसले मानिसहरूको हीतमा काम गरून् ।

जनवरी ८: **सेन्ट पावलस् मेट्रिकुलेसन स्कुल, नहेम्याह बाइबल कलेज र ईश्वरशास्त्रीय पत्राचार कोर्सका** प्रधानाध्यापक, शिक्षकहरू, विद्यार्थीहरू र कर्मचारीहरूका निम्ति ।

जनवरी ९: सन् २०२५ भरि नै पास्टर एस. साम सेल्भाराज र उहाँको परिवारमाथि परमेश्वरको शक्तिशाली हातको निम्ति ।

जनवरी १०: राष्ट्रहरूका बीचमा शान्ति र आर्थिक समृद्धिको निम्ति ।

जनवरी ११: हरेक स्थानमा परिवारहरूका बीचमा आनन्दको निम्ति ।

जनवरी १२: यो महिना हाम्रा आवश्यकताको निम्ति परमेश्वरको उदारताको निम्ति ।

जनवरी १३: हाम्रो सिनियर पास्टरको जीवनी सफलतापूर्वक पूरा हुनको निम्ति ।

जनवरी १४: हाम्रो सेवकाइको वृद्धि र विश्वव्यापी रूपमा सुसमाचारको फैलावटको निम्ति ।

जनवरी १५: युवाहरूको बीचमा भएको हिंसाको अन्त्य भएको होस् र तिनीहरू पवित्र आत्माले भरिएका होऊन् ।

जनवरी १६: ख्रीष्टियानहरूले परमेश्वरको वचन पछ्याऊन् र ख्रीष्टको जस्तो चरित्र प्रदर्शन गरून् ।

जनवरी १७: हाम्रो संस्थाको निम्ति उपयुक्त र समर्पित कर्मचारीहरूका निम्ति ।

जनवरी १८: हाम्रा प्रार्थनाका साझेदारहरू, ग्राहक वर्गहरू, विश्वासका साझेदारहरू, जीवनका साझेदारहरू, महान् आज्ञाका साझेदारहरू र उहाँहरूका परिवारमाथि परमेश्वरको आशिष्को निम्ति ।

*पृष्ठ ४ बाट*

**मेलमेलाप गराउनेहरू किनभने तिनीहरू परमेश्वरका छोराहरू कहलाइनेछन्।** उहाँको सेवकाइभरि, येशू सीमान्तकृतकहाँ पुगेर, कठिनाइहरूलाई पुनर्मिलाप गरेर र तोडिएको हृदयलाई चङ्गाइ गरेर मेलमेलापकर्ताको उदाहरण देखाउनुभयो । हाम्रो सम्बन्ध र समुदायहरूभित्र सक्रिय रूपमा शान्तिको पछि लाग्न उहाँको उदाहरणले हामीलाई उत्साह दिन्छ ।

## मण्डलीको भूमिका

समस्याग्रस्त संसारमा ख्रीष्टको शान्ति ल्याउनमा मण्डलीले महत्वपूर्ण भूमिका खेल्दछ। ख्रीष्टको शरीरको रूपमा हामीलाई परमेश्वरको प्रेम र अनुग्रह वास्तविक रूपमा, देखिने गरी प्रदर्शन गर्न बोलाइएको छ। एफिसी २:१४-१६ मा पावलले लेख्छन्, **किनकि उहाँ नै हाम्रो शान्ति हुनुहुन्छ। उहाँले हामी दुवैलाई एउटै बनाउनुभएको छ र विभाजन ल्याउने शत्रुताको पर्खाल भत्काइदिनुभएको छ।**

ख्रीष्टद्वारा बाधाहरू भत्काइएका छन् र एकता स्थापना गरिएको छ भनेर यो खण्डले जोड दिन्छ । विभाजन भएको संसारमा मण्डली आशाको केन्द्र, क्षमा र पुनर्मिलापको उदाहरण हुनु पर्छ । हाम्रा कार्यहरू ख्रीष्टको शान्ति प्रदान गर्ने शक्तिशाली गवाही बन्नुपर्छ।

## भय, चिन्ता र निरासाबाट मानिसको हृदयलाई चङ्गाइ गर्ने

बिदाको समयमा धेरै मानिसहरूमा भय, चिन्ता र निरासाको भावना प्रायः उच्च हुन्छ । सामाजिक अपेक्षा र व्यक्तिगत संघर्षको बीचमा भएको द्वन्द्वले निरासाको भावनामा लैजान सक्छ। तापनि, येशूले हाम्रो थकित आत्मालाई पूर्ण चङ्गाइ र पुनर्स्थापना प्रदान गर्नुहुन्छ।

## परमेश्वरको उपस्थितिमा निश्चयता

चिन्ताको समयमा परमेश्वरले हामीलाई उहाँको उपस्थितिको खोजी गर्न निम्तो गर्नुहुन्छ। भजनसंग्रह २३:४ मा दाऊदले घोषणा गर्दछन्, **मृत्युको अन्धकारमय घाटी भएर जानुपरे पनि म कुनै खतरादेखि डराउनेछैनँ किनकि तपाईं मेरो साथमा हुनुहुन्छ।** हाम्रा संघर्षहरूमा हामी कहिल्यै एक्लो छैनौं भनेर परमेश्वरको उपस्थितिको यो निश्चियताले हामीलाई निरन्तर सम्झना दिलाउँछ।

यसका अतिरिक्त १ पत्रुस ५:७ मा हामीलाई उत्साह दिइएको छ, **तिमीहरूका सारा फिक्री उहाँलाई सुम्पिदेओ किनकि उहाँले तिमीहरूको वास्ता गर्नुहुन्छ।** उहाँको निम्ति बोक्न कुनै पनि बोझ गरुंगो छैन। हाम्रा भय र चिन्ताहरू परमेश्वरमा सुम्पिएर हामीले ठूलो स्वतन्त्रता र उहाँको शान्ति अनुभव गर्न सक्छौं ।

## येशूद्वारा चङ्गाइ

येशू तोडिएको हृदयलाई निको पार्न र कष्टमा परेकाहरूलाई पुनर्स्थापित गर्न आउनुभयो । निरासाको क्षणमा, शक्तिको हाम्रो स्रोतको रूपमा हामी उहाँकहाँ फर्कन सक्छौं। यशैया ६:१:१ मा अगमवक्ताले घोषणा गर्नुहुन्छ, **परमप्रभु परमेश्वरका आत्मा ममाथि छ किनभने गरिबहरूलाई सुसमाचार सुनाउनका निम्ति परमप्रभुले मलाई अभिषेक गर्नुभएको छ। मन भाँचिएकाहरूको हृदयलाई बाँध्न, कैदमा परेकाहरूलाई स्वतन्त्रता दिन र बन्धनमा परेकाहरूलाई छुटकाराको घोषणा गर्न उहाले मलाई पठाउनुभएको छ।**

यो प्रतिज्ञा भावनात्मक, आत्मिक र शारीरिक चङ्गाइमा दिइएको छ । ख्रीष्टतिर हेरेर हाम्रो पीडा उहाँले जान्नुहुन्छ भनेर थाहा गरेर हामीले शान्ति पाउँछौं। उहाँको चरणमा हाम्रा बोझहरू बिसाएर त्यसको साटो पुनर्स्थापना र आशा प्राप्त गर्न उहाँले हामीलाई निम्तो दिनुहुन्छ ।

## येशू- शान्तिको अन्तिम स्रोत

जसै हामी जीवनको जटिलतामा हुन्छौं, शान्तिको अन्तिम स्रोत येशू हुनुहुन्छ भनेर पहिचान गर्नु महत्वपूर्ण हुन्छ । उहाँले कोलाहलको बीचमा मात्रै शान्ति प्रदान गर्नुहुन्न तर उहाँ अनन्त आशाको जग पनि हुनुहुन्छ ।

## दैनिक जीवनमा शान्ति अङ्गाल्ने

यो शान्ति अनुभव गर्न हामीले प्रार्थना, पवित्रशास्त्र अध्ययन र संगतिबाट ख्रीष्टसँगको सम्बन्धलाई विकास गर्नुपर्छ। ...**जे कुरो सत्य छ, जे कुरो आदरणीय छ, जे कुरो न्यायसङ्गत छ, जे कुरो शुद्ध छ, जे कुरो प्रेम-योग्य छ, जे कुरो कृपामय छ, यहि केही श्रेष्ठता, प्रशंसाको योग्य केही छ**

*....Contd. to page 8*

NEHEMIAH EVENING BIBLE COLLEGES,
Chepauk & Santhoshapuram, Chennai.
Qualification : 10th Standard & above
Rush for admission!
Diploma in Theology Medium :Tamil (Part time)
REACHING NATIONS
Recognised by International Christian Leaders & Senior Pastors for the past 55 years
Contact : The Chairman, Nehemiah Bible College.
10, MOHAMMED ABDULLAH 2ND STREET, CHEPAUK, CHENNAI - 600 005, INDIA.
Phone : (+91-44) 2852 8282, Cell : (+91) 98410 71852 / 95661 31858
E.mail : sam@echoofhiscall.org / Website : www.echoofhiscall.org

## MAIN CHURCH PROGRAMMES

1. Prayer Service : 24 hours
2. **ECHO OF HIS CALL** - Monthly Magazines :English, Tamil, Malayalam, Telugu, Hindi, Kannada, Marathi, Gujarati, Bengali, Odiya, Nepali, Assamese, Punjabi, Urdu, Sinhala & Afrikan.
3. **BIBLECOR -** Basic Bible Courses (English, Tamil & Hindi)
4. Theological Correspondence Courses: English & Tamil
5. Nehemiah Bible Colleges (Chepauk, Santhoshapuram & Velachery)
6. Great Commission Partners (Network of Pastors)
7. Training Programmes – Seminars & Retreats
8. Crusades
9. Literature Distribution and Follow Up
10. Gospel Printing Press - Publications
11. St. Paul's Matriculation School - Village English High School
12. Sunday Schools (Chepauk) : 10.30 a.m. Sunday & (Velachery, Balaji Nagar & Santhoshapuram) 3.00 p.m. Sunday
13. **Early Morning Service : 5.30 a.m. Sunday**
14. **Preliminary Service : 8.00 a.m. Sunday**
15. **Tamil Service : 8.30 a.m. Sunday**
16. **Youth Meeting : 11.00 a.m. Sunday**
17. **Fellowship Lunch : 1.00 p.m. Sunday**
18. **Hindi Service : 4.00 p.m. Sunday**
19. **Telugu Service : 5.00 p.m. Sunday**
20. **English & Hindi Service : 6.00 p.m. Sunday**
21. Feedback Time : 7.30 p.m. Sunday
22. Women's Prayer : 5.30 p.m. Wednesday
23. Men's Prayer : 7.00 p.m. Friday
24. Discipleship Meeting : 6.00 p.m. Saturday
25. House Meetings : 6.30 p.m. Tuesday & Thursday
26. Special Holy Communion : 6.00 a.m. 1st day of each month
27. Ministers' Meeting : 6.00 p.m. First Saturday
28. Parents' Prayer : 4.00 p.m. First Sunday
29. Night Prayer : 9.30 p.m. Third Friday
30. Fasting Prayer : 9:30 a.m. Second Saturday
31. Holy Communion : Second Sunday Services
32. Youth / Kid Prayer : 10.00 p.m. daily (over phone)
33. Staff Devotion : 9.00 a.m. daily
34. Office : 9.00 a.m. to 9.00 p.m. (except Sundays)

## बोलावटको प्रतिध्वनि पत्राचार कोर्स भारतमा भएकाहरुलाई मात्र

### १. बाइबलकोर

बाइबलको आधारभूत सत्यतामा नयाँ ख्रीष्टियानहरू र गैह्रख्रीष्टियानहरूलाई अङ्ग्रेजी, हिन्दी र तामिल भाषामा हामीले पत्राचार कोर्स प्रस्तुत गर्छौं। तपाईंले **नयाँ जीवन – तपाईंको लागि** भन्ने शीर्षक भएको ७० पृष्ठको कोर्सको किताब पाउनुहुनेछ। तपाईंले यो कोर्स पूरा गरेपछि तपाईंलाई प्रमाणपत्र दिइनेछ। **कुनै पनि अनिवार्य शुल्कहरू यसमा लाग्नेछैन**। यो कोर्स भारतमा हुनुभएको व्यक्तिको लागि मात्र हुनेछ।

### २. ईश्वरशास्त्रीय पत्राचार कोर्स

पास्टरहरू, सुसमाचार प्रचारकहरू र ख्रीष्टियान अगुवाहरूका लागि ईश्वरशास्त्रीय पत्राचार कोर्स भनिने आधुनिक पत्राचार शिक्षा पनि उपलब्ध छ। यसको लागि शुल्क रु. १,०००/– लाग्नेछ। १४२ पाठहरू भएको ७ वटा पुस्तकहरू उपलब्ध गराइनेछ। तपाईंले **सेवकाइमा प्रमाणपत्र** पाउनुहुनेछ।

**बिस्तृत जानकारीको लागि:**

**The Chairman, Nehemiah Bible College,**
Echo of His Call, **Post Box 2957**
CHEPAUK, CHENNAI - 600 005.
**Ph.: (044) 2852 8282, 2852 9293, 2854 7766,**
**Cell : 98410 71852, 95661 31858**
**E.mail : biblecor@yahoo.co.in**

## नि:शुल्क मासिक पत्रिका बोलावटको प्रतिध्वनि प्राप्त गर्ने राम्रो अवसर

तपाईले आफ्ना साथीहरु / आफन्तहरुका ठेगानाहरु हुलाक, पत्र, इमेल, ह्वाटसएप वा फोनबाट हामीलाई पठाउन सक्नुहुन्छ भने हामीले नि:शुल्क **बोलावटको प्रतिध्वनि** मासिक पत्रिका पठाउनेछौं।

## कर छुट

भारतबाट कुनै पनि व्यक्ति वा संस्थाबाट **Echo of his Call Educational Trust** लाई आउने सहयोग चन्दाहरूमा आयकर ऐनको खण्ड ८० जी अन्तर्गत आयकरको छुट छ। यस उद्देश्यको लागि आधिकारिक रसिद जारी गरिनेछ। कृपया यस्ता सहयोग चन्दाका लागि तपाईंका डिमाण्ड ड्राफ्टहरू/चेकहरू/मनी अर्डरहरू **Echo of his Call Educational Trust** को नाउँमा लेख्न हुन र आयकर छुट पाउनको लागि तपाईंको आधारकार्ड र प्यान पनि हामीलाई पठाउनुहोला।

| | | |
|---|---|---|
| **Account Name** | : | **ECHO OF HIS CALL EDUCATIONAL TRUST** |
| **Account Number** | : | **1023 2923 805** |
| **Bank Name** | : | **STATE BANK OF INDIA** |
| **Branch** | : | **TRIPLICANE, CHENNAI - 600 005** |
| **IFSC Code** | : | **SBIN 0000249** |
| **SWIFT Code** | : | **SBI NIN BB 455** |



# खाडलबाट दरबार

(पास्टर एस. साम सेल्भाराजको जीवनका अनुभवहरू)

"जसले पढ्छ, त्यसले बुझोस्" (मत्ती २४:१५)।



## असफलताहरू सफलताका भऱ्याङ हुन्

## MY FAILURES WERE LADDERS FOR SUCCESS!

**बोलावटको प्रतिध्वनिको** सुरुवातदेखि नै हाम्रो सेवकाइले व्यक्तिगत प्रार्थना, सामुहिक प्रार्थना, उपवास र रात्री प्रार्थनामा धेरै जोड दिएको थियो। यो सेवकाइ मानिसको शक्ति वा आर्थिक शक्तिमा निर्माण भएको थिएन तर प्रार्थनाको शक्तिमा।

समय-समयमा परमेश्वरले हामीलाई चुनौति दिन कठिन मानिसहरू ल्याउनुभयो, जबकि अर्को समयमा उहाँले हामीलाई सहायता गर्ने मानिसहरूबाट घेर्नुभयो। यी सबैबाट परमेश्वरले मलाई अचम्मको तरिकामा अगुवाइ गर्नुभयो।

पछाडि फर्केर हेर्दा, उहाँलाई नचिन्ने मानिसहरू र हाम्रो सेवकाइलाई विरोध गर्नेहरूका बीचमा उहाँले मलाई कसरी डोऱ्याउनुभयो भनेर म देख्छु, तैपनि उहाँको कार्य पूरा भएको थियो। **बोलावटको प्रतिध्वनिद्वारा** धेरै मानिसहरूले आफ्नो जीवनमा अलौकिक चिन्ह र आश्चर्यकर्महरू अनुभव गरेका छन्।

हाम्रा रात्रीकालीन प्रार्थना र साँझको भेलाले मानिसहरूमा असंख्य आशिष् ल्याएको छ र सबै थोकभन्दा पनि म यी बैठकहरूलाई प्राथमिकता दिन्छु। सुरुमा जब केही मानिसहरू मात्रै सहभागी भएका थिए, हाम्रा वरपर भएका व्यक्तिहरूलाई फरक परेको थिएन। तापनि, जब हामी संख्यामा वृद्धि भयौं, हाम्रा एकताका गीतहरू र प्रार्थना केही छिमेकीहरूका निम्ति असहजताको स्रोत बनेका थिए, जसले यस कुरालाई आक्रमणको रूपमा देखे। आराधनाको निम्ति समर्पित स्थानबिना नै हामीले हाम्रा भेलाहरू नजिकैको समुद्रको किनारमा साऱ्यौं।

जसै सहभागिता वृद्धि भयो र धेरै जीवनले आशिष् पाए, हामीले नयाँ चुनौतिको सामना गऱ्यौं। यी कठिनाइहरू भए पनि हामीले यी भेलाहरूलाई निरन्तरता दिन बाध्य भएको महसुस गऱ्यौं र यस कुराले परमेश्वरको काममा निरन्तर लागिरहन मेरो हृदयमा बोझलाई गहन बनाएको थियो।

यो चुनौतिलाई सम्बोधन गर्नको निम्ति प्रार्थनाका साझेदार र मैले मध्यरात नभएसम्म घुँडा टेकेर निरन्तर प्रार्थना गर्न थाल्यौं। कुनै तरकामा हस्तक्षेप गर्न हामीले परमप्रभुसँग माग्यौं। केही दिनसम्म यी भेलाहरू ठूलो, भाडाका विवाह समारोह गर्ने हलहरूमा गर्न उहाँले हामीलाई सक्षम बनाउनुभयो। यी प्रार्थनाका भेलाहरू समर्पणता र बलिदानको साथमा संचालन गर्न परमेश्वरले हामीलाई शक्ति र समर्पणता प्रदान गर्नुभयो।

यसको परिणाममा परमप्रभुले हामीलाई आफ्नै भवनको साथमा आशिष् दिनुभयो, जहाँ हामी बिना कसैको कृपा भेला संचालन गर्न सक्थ्यौं। के हाम्रो परमेश्वर अचम्मको हुनुहुन्न ? यो विजय प्राप्त गर्न धेरै वर्ष लागेको थियो र हामीले धैर्यताको साथमा सहेर पर्खनुपरेको थियो।

प्रिय पाठकहरू, परमेश्वरले सधैं तुरुन्तै काम गर्नुहुन्न। उहाँले हाम्रो धैर्यता र प्रार्थनामा जोशिलो आत्मालाई मूल्यवान ठान्नुहुन्छ। सही समयमा परमप्रभुले तपाईंलाई उचाल्नुहुनेछ। तबसम्म तपाईंले आफैंलाई उहाँको शक्तिशाली बाहुलीमुनि नम्र पार्नुपर्छ। **...यसकारण परमेश्वरको शक्तिशाली बाहुलीमुनि तिमीहरू आफैंलाई विनम्र तुल्याओ र उहाँले उचित समयमा तिमीहरूलाई उच्च पार्नुहुनेछ** (१ पत्रुस ५:६)।

....Contd. from page 6

**भने यी नै कुराका विचार गर** (फिलिप्पी ४:८)। यी कुराहरूमाथि हाम्रो मनलाई केन्द्रित गरेर हामीले आफ्नो दैनिक जीवनमा परमेश्वरको शान्तिलाई निम्त्याउँछौं।

गलाती ५:२२-२३ मा पावलले पवित्र आत्माको फलको बारेमा बताउँछन्, जसमा शान्ति समावेश भएको छ। जब हामी आत्मामा हिँड्छौं र परमेश्वरमा आफैंलाई समर्पित गर्छौं, हाम्रो अन्तरक्रियाहरू र चाहनाहरूमा हामीले स्वतः यो शान्तिलाई अङ्गाल्छौं। शान्ति केवल हाम्रो भावना बन्दैन तर जीवनको मार्ग बन्दछ, जुन अरूका निम्ति हाम्रो प्रेम र करुणाबाट अभिव्यक्त हुन्छ।

### शान्तिको उपहार बाँड्ने

जसै हामीले ख्रीष्टको रूपान्तरण गर्ने शान्ति अनुभव गर्दछौं, हामीलाई यही कुरा संसारसँग बाँड्न बोलाइएको छ। विभाजन र व्यस्तताले भरिएको समाजमा, हामी ख्रीष्टियानहरूको गवाही येशूमा पाइने आशाको गवाही बन्दछ। यो ख्रीष्टमसमा हामीसँगै परमेश्वरको शान्ति अनुभव गर्न अरूलाई पनि निम्तो गरौं।

### निष्कर्ष- ख्रीष्टमसको साँचो आत्मा

ख्रीष्टिमस एउटा बिदाको दिनभन्दा महान् छ, यसमा शान्ति, आशा र चङ्गाइको ईश्वरीय सन्देश रहेको छ। जसै हामीले येशूको जन्मदिनमा उत्सव मनाउँछौं, साँचो शान्ति उहाँसँगको सम्बन्धमा रहेको छ भनेर हामीले आफैंलाई सम्झना दिलाउँछौं। पापबाट हाम्रो स्वतन्त्रता, चूर्णताको बीचमा

उहाँले दिनुहुने आशा र मेलमेलाप गराउने बन्न उहाँको बोलावटले यो अवसरको महत्वको हाम्रो बुझाइलाई अझ गहिरो बनाउँछ।

कोलाहल र विभाजन भएको प्राय: महसुस गराउने संसारमा येशू आशा र पुनर्मिलापको ज्योतिको रूपमा खडा हुनुहुन्छ। उहाँको प्रेमद्वारा हामीले समस्याग्रस्त संसारसँग उहाँको शान्ति बाँड्छौं, परमेश्वरको हृदय प्रतिबिम्बित गर्छौं। हामीलाई रूपान्तरण गर्न उहाँको शान्तिलाई अनुमति दिएर र सोही शान्ति अरूसँग बाँडेर ख्रीष्टमसको साँचो आत्मालाई हामीले अङ्गालौं।

प्रेरित पावलको शब्दमा, **ख्रीष्टको शान्तिले तिमीहरूका हृदयमा राज्य गरोस्। साँच्चै, तिमीहरू त्यसको निम्ति एउटै शरीरमा बोलाइएका थियौ। तिमीहरू धन्यवादी होओ** (कलस्सी ३:१५)। यो ख्रीष्टमसले यो शान्तिलाई हामीतिर नजिक ल्याएको होस्, ख्रीष्टमा जरा गडिएर र आवश्यकतामा परेका संसारका मानिसहरूसँग यो बाँड्न हामीलाई सुसज्जित गरेको होस्।

************

**पवित्र उपवासको घोषणा गर, पवित्र सभा बोलाओ। परमप्रभु तिमीहरूका परमेश्वरको भवनमा देशका सारा बासिन्दाहरू र धर्म-गुरुहरू भेला गराएर परमप्रभुको पुकारा गर (योएल १:१४)।**

## संसारका मण्डलीहरू र समाजहरूमा जागृतिको निम्ति

# एकदिने उपवास प्रार्थना

१४.१२.२०२४, दोस्रो शनिवार

बिहान ९ बजेदेखि साँझ ४ बजेसम्म

**भारतमा चर्च अफ गड**

**बोलावटको प्रतिध्वनि मण्डली**

**10, Mohammed Abdullah 2nd Street, Chepauk, Chennai - 600 005, India**

**विशेष पाहुनाहरू**

**प्रार्थनाको अभिषेकको साथमा परमेश्वरका सेवकहरू**

**प्रेमसाथ हामी तपाईं सबैलाई स्वागत गर्दछौं**

अन्य सहरहरू र विदेशमा हुनुभएका विश्वासीहरूले पनि यो प्रार्थनामा हाम्रो **Echo Of His Call** यूट्यूब लाइभ प्रसारणमा सहभागी हुन सक्नुहुन्छ।

Pr. S. Sam Selva Raj    Kamal Samson, Leader

# तुरुन्तै आवश्यकता

बोलावटको प्रतिध्वनि तीव्र गतिमा बिस्तार भइरहेको छ। हामीलाई मिसनमा केन्द्रित, समर्पित र विश्वासयोग्य पुरुष र महिला आवेदकहरू निम्न पदहरूका निम्ति आवश्यक रहेको छ:

- हाम्रो मुख्य मण्डलीको निम्ति पूर्णकालीन सहपास्टरहरू
- चेन्नाइमा हाम्रा शाखा मण्डलीहरूका निम्ति पूर्णकालीन सहपास्टरहरू
- पूर्णकालीन सुरक्षाकर्मीहरू
- डिटिपी अपरेटरहरू र टाइपिस्टहरू
- अंग्रेजी र अन्य भाषाहरूमा राम्ररी बोल्ने र लेख्ने
- प्रशासनमा रुचि राख्ने कार्यालय व्यवस्थापकहरू
- पूर्णकालीन बाइबल कलेजका प्राध्यापकहरू
- पूर्णकालीन चालकहरू
- मेट्रिकुलेसन स्कुलको निम्ति प्रधानाध्यापक र शिक्षकहरू
- पूर्णकालीन पकाउनेहरू (महिला)
- पूर्णकालीन हाउसकिपिङ कर्मचारीहरू

**तलब अनुभव र योग्यताको आधारमा हुनेछ**

Please Contact **ECHO OF HIS CALL** office

**यहां आवदेन दिनुहोस्:**

**ह्वाट्सएप नम्बर : 98412 71858**

**इमेल: : sam@echoofhiscall.org**

RNI NO. TNNEP/2000/2841, Postal Regn. No. TN/CH/(C)/194/24-26 WPP NO. TN/PMG(CCR)/WPP-220/24-26

## Echo of His Call

**YouTube**
*Please subscribe*

Kindly view and subscribe our **Echo of His Call YouTube Channel** when you get time. Thanks.
**- Editor**

## OUR BANK DETAILS:

### *1. Bank : State Bank of India*

Branch : **Triplicane, Chennai-5**
Name : **S. Sam Selva Raj**
A/C No. : **1023 2934 679**
IFSC : **SBIN 00 00 249**
SWIFT CODE : **SBI NIN BB 455**

### *2. Bank : ICICI Bank*

Branch : **Anna Salai, Chennai-6**
Name : **Echo of His Call**
A/C No. : **6038 0502 2319**
IFSC : **ICIC 000 6038**

### *3. Bank : State Bank of India*

**(This Account is for Tax Exemption for Indians only )**

Branch : **Triplicane, Chennai-5**
Name : **Echo of His Call Educational Trust**
A/C No. : **1023 2923 805**
IFSC : **SBIN 00 00 249**

**Google Pay: 98410 71858**
**PayPal : SAM SELVA RAJ**
*****
**E.mail : sam@echoofhiscall.org**

# ECHO OF HIS CALL

Monthly magazines in 16 languages, Bible Colleges, Postal Courses, Church Planting, Village English High School, Gospel Printing Press, Crusades, Seminars, Social Services, etc.

Annual Subscription : Rs. 100/- Life Subscription : Rs. 2000/-

The multifarious activities of **Echo of His Call Ministries** are supported by the free-will offerings and donations of God's children like you. You may support **Echo of His Call** and its activities as the Lord leads you. We need your help to send forth the Gospel to the unreached people and plant Churches.

If you would like to receive **ECHO OF HIS CALL** magazines regularly, please write to us with your e.mail Id and Cell Phone number. Whenever you change your postal or e.mail addresses, please do inform us your old and new addresses.

**Echo of His Call** is available in 16 languages in our website also. You can read them by going into the site as well as downloading them and get blessed.

Your letters, prayer requests and your financial helps (**Money Orders, Cheques or Demand Drafts, NEFT, PayPal (Sam Selva Raj, sam@echoofhiscall.org) PhonePe (98410 71858), Gpay (98410 71858), Western Union, MoneyGram, etc.**) to **ECHO OF HIS CALL** may please be sent to the address below.

Please send your **Land Phone / Mobile Phone Numbers and E.mail addresses** for updation.

Our address :
**ECHO OF HIS CALL**
10, MOHAMMED ABDULLAH 2ND STREET, CHEPAUK, CHENNAI - 600 005, INDIA
PH: (+91-44) 2852 8282, 2852 9293, 2854 7766/ Cell: (+91) 98410 71852, 95661 31858 / E.mails: sam@echoofhiscall.org / biblecor@yahoo.co.in
Websites: www.echoofhiscall.org / www.stpaulsmatriculation.com

**YOU CAN SEND YOUR DONATION ONLINE ALSO**

**RNI NO. TNNEP/2000/2841**
**Postal Regn. No. TN/CH/(C)/194/24-26**
**WPP NO. TN/PMG(CCR) / WPP- 220/24-26**
**Date of Publication: Third week of every month**
**Date of Posting : 15th & 16th of every month**
**Posted at "Egmore RMS / 1 Patrika Channel"**

**on 16th DECEMBER 2024.**

**If un-delivered please return to:**
**ECHO OF HIS CALL (NEPALI)**
**P.O. Box No. 2957,**
**Chepauk, Chennai - 600 005, INDIA.**
**Phone: (+ 91- 44) 2852 8282, 2852 9293, 2854 7766**

***JESUS LOVES YOU!***

**To**

*GOD BLESS YOU!*

Owned and published by **S. Sam Selva Raj** from New No. 8 & 10, Old No.18 & 19, Mohammed Abdullah 2nd Street, Chepauk, Chennai-600 005 and printed by **S. Sam Selva Raj** at **Echo of His Call Printers,** New No. 8 & 10, Old No.18 & 19, Mohammed Abdullah 2nd Street, Chepauk, Chennai-600 005. Editor: **S. Sam Selva Raj.**